# कार्यपालिका बैठकको निर्णय

(मिति २०७८ मंसिर ८ गते)

**निर्णय नं. १ :-** नेपालको संविधानद्धारा मौलिक हकको रुपमा महिलालाई प्रदत्त सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धि हक तथा हरेक व्यक्तिको प्रजनन स्वास्थ्य सम्वन्धि अधिकारको संरक्षण, सम्मान र परिपूर्ति गर्नको लागि प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरिय, सर्वसुलभ तथा पहुंचयोग्य वनाउने उद्देश्यका साथ यस टीकापुर नगरपालिकाको **"सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार कार्यविधि, २०७८"** स्वीकृत गर्ने ।

**निर्णय नं. २ :-** यस नगरपालिकाको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान तर्फ खाद्यान्न वालीको उन्नत वीउ उपयोग कार्यक्रममा विनियोजित रकम मध्येबाट ५० प्रतिशतले हुन आउने रु. ९,२५,०००।(नौ लाख पच्चीस हजार) बाट नगरपालिकाको ७५ प्रतिशत अनुदान रहने गरी गहुँको विउँ वितरण कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं.३ :-** यस नगरपालिकाको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान , पूंजीगत तर्फ नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्यास/विद्युतिय चूलो/सुधारिएको चूलो/सौर्य उर्जा) कार्यक्रम अर्न्तगत तपसिल बमोजिम आयोजना/कार्यक्रम संचालन गर्ने ।

| क्र. सं. | स्वीकृत कार्यक्रम | जम्मा विनियोजित रकम | छनौट गरिएको कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्यास/विद्युतिय चूलो/सुधारिएको चूलो/सौर्य उर्जा) | १०,००,०००। | नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गत बायो ग्यास निर्माण | ५,००,००० | |
| | | | नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गत सौर्य उर्जा जडान | ५,००,००० | |

**निर्णय नं.४** :- हुलाकी राजमार्ग निर्देशनालय र रायममाभ्की/गल्वा/जगदम्वा जे.भी, वानेश्वर -१० वीच भएको सम्भ्फौता बमोजिम अश्नेहरी देखि खक्रौला सम्मको वाटो निर्माण कार्यका लागि स्ट्रक्चर निर्माणका लागि आवश्यक पर्ने गिट्टी, वालुवा उत्पादन गर्न क्रसर प्लान्ट स्थापनाका लागि अनुमति माग गरी मिति २०७८/०८/०७ गते कार्यालयमा निवेदन पेश भएको र यस नगरपालिकाको ४ नं. वडा कार्यालयको प.स.२०७८/०७९, चं.न.९२३, मिति २०७८/०८/०६ बाट स्थापनाका

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

लागि अनुमति प्रदान गर्न सिफारिस भई आएकोमा सम्झौता अवधि सम्मका लागि उक्त सडक निर्माण कार्यका लागि अस्थायी क्रसर प्लान्ट स्थापना/जडानका लागि अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ५ :-**टीकापुर नगरपालिका अन्तर्गत रहेको टीकापुर बंगलापार्कमा (बृहत पार्क) मा दिपावली र नयाँ वर्षमा आन्तरिक तथा बाह्य पर्यटकहरुको अत्यधिक चाप रहने गरेको र पार्क व्यवस्थापनका लागि अतिरिक्त जनशक्ति परिचालन गरिदै आएको र सो का लागि आवश्यक पर्ने रकम समेत विनियोजन हुने गरेकोमा चालु आ.व. ०७८/०७९ मा यस शिर्षक अन्तर्गत बजेट विनियोजन नभएको सन्दर्भमा थप जनशक्ति परिचालन तथा पार्क व्यवस्थापन सम्बन्धमा कार्यपालिकाको कार्यालयको मिति २०७८/०७/१४ गतेको निर्णय बमोजिम रु. १,३८,३००। (एक लाख, अठतीस हजार , तीन सय मात्र) चालु आ.व.०७८/०७९ को भैपरी चालु शिर्षकबाट खर्च उल्लेख गर्ने ।

**निर्णय नं. ६:-** अघिल्लो आ.व.०७७/०७८ मा संचालन/कार्यान्वयन भई कार्यालयबाट भुक्तानीका लागि चेक काटिएको तर सम्वन्धित पक्ष भुक्तानीका लागि समय भित्र बैंक नगएका कारण भुक्तानी हुन नसकेका देहाय बमोजिमको विवरणमा उल्लेखित आयोजना /कार्यक्रम चालु आ.व. ०७८/०७९ मा अ.ल्या गरी भुक्तानी दिने ।

| क्र.सं. | चेक जारी गरिएको सम्बन्धित व्यक्ति/संघ संस्था/फर्म/उपभोक्ता समिति | कैफियत |
|---|---|---|
| १ | धनसिंहपुर कृषि सहकारी संस्था, टीकापुर | |
| २ | बडी मालिका एफ.एम लम्की , कैलाली | |

**निर्णय नं. ७ :-** राष्ट्रिय परिचयपत्र सिविर कार्यक्रम अन्तर्गत यस टीकापुर नगरपालिका क्षेत्र भित्रका धेरै व्यक्तिहरुको परिचयपत्रका लागि फाराम भर्न छुट भएको हुँदा छुट भएका व्यक्तिहरुको फाराम भर्नका लागि १ महिनाका लागि आवश्यक पर्ने जनशक्ति र कार्यालय कार्य कक्ष भाडामा लिनु पर्ने भएको र उक्त कार्यका लागि आवश्यक पर्ने बजेट रु.२५,०००।-(पच्चीस हजार) को लागि ईलाका प्रशासन कार्यालयबा प.सं. ०७८/०७९, च.नं.१६७९, मिति २०७८/०८/०७ गते यस नगरपालिका, कार्यपालिकाको कार्यालयमा अनुरोध भई आएकोमा चालु आ.व. ०७८/०७९ मा भैपरी चालु शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने ।

**निर्णय नं.८:-** यस टीकापुर नगरपालिका अन्तर्गत स्थानीय बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण समितिको मिति २०७८/०५/०८ गतेको बैठकको निर्णयानुसार उपभोक्ता सचेतना अभियान-२०७८ , नमूना बजार व्यवस्थापन कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्थाका लागि अनुरोध भई आएकोमा यस नगरपालिकाको आ.व. ०७८/०७९ का लागि भैपर चालु शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | नमुना बजार व्यवस्थापन कार्यक्रम | ४०,०००।०० | |
| २ | उपभोक्ता सचेतना अभियान,२०७८ | १,१०,०००।०० | |
| | जम्मा | १,५०,०००।०० | |

**निर्णय नं.९:-** यस नगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोप / विपद् लगायतका घटनाहरु समयमानै व्यवस्थापन गर्न र नगर प्रहरीको कार्यक्षमतामा थप प्रभावकारीता ल्याउन संचार साधनको रुपमा वाकी टाकीको आवश्यकता महशुष गरिएको हुँदा यस नगरपालिकालाई आवश्यक रहेको ६ थान वाकी. टाकी संचार सेट खरिद गर्न /उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.१०:-** यस टीकापुर नगरपालिका क्षेत्रमा उच्च प्राविधिक शिक्षा सम्बन्धी विषयमा मिति २०७८/०७/०८ मा गरिएको अन्तरक्रिया कार्यक्रममा उपस्थित हुनु भएका सहभागिहरुको खाजा तथा विषय विज्ञ अतिथीहरुको होटल वास तथा खाना/खाजा वापत हुन गएको खर्च रु.२०४३०। (बीस हजार, चार सय तीस मात्र) यस नगरपालिकाको चालु आ.व. ०७८/०७९ का लागि भैपरी चालु शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी उपलब्ध गराउने ।

**निर्णय नं. ११** :-यस वर्ष मिति २०७८ कार्तिक १ देखि ३ गते सम्म पर्न गएको अविरल वर्षाका कारण यस नगरपालिकाका विभिन्न वडा/ क्षेत्रमा ठूलो मात्रामा क्षति व्यहोर्नु परेको र सवै भन्दा धेरै क्षति व्यहोर्नु परेको वडा नं ८ रहेको सन्दर्भमा यस नगरपालिकामा संचालित **मौसम पूर्वानुमानमा आधारित पूर्वकार्य तथा विपद् उत्तरदायी सामाजिक सुरक्षा कार्यक्रम** अन्तर्गत उक्त बाढी तथा डुवानबाट सवै भन्दा वढि क्षति व्यहोर्नु परेको वडा नं. ८ को सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहेका विधुवा महिलाहरुको हकमा सामाजिक सुरक्षा भत्ता खाताको विवरणका आधारमा नगद राहत स्वरुप प्रति व्यक्ति रु. १३,५००।- (तेह्र हजार पाँच सय) उपलब्ध गराउने ।

**निर्णय नं. १२** :- टीकापुर नगरपालिकाको नगरस्तरिय राजस्व परामर्श समितीको मिति २०७८।०७।२३ गतेको बैठकबाट सिफारिश भई आएको निर्णय नं. १ अनुमोदन गर्ने ।

**निर्णय नं. १३** :- यस टीकापुर नगरपालिकाको नगरस्तरिय राजस्व परामर्श समितीको मिति २०७८।०७।२३ गतेको निर्णय नं. २, र २०७८ मंसिर ५ गतेको बैठकबाट सिफारिश भई आएको निर्णय नं. २ कार्यान्वयनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. १४** :- यस टीकापुर नगरपालिकाको आन्तरिक आय संकलन गर्ने प्रयोजनका लागि टीउनी सन्कट्टी घाट ठेक्कामा लगाउने सम्वन्धि दोस्रो पटकसम्म सूचना प्रकासित गर्दा पनि कोही व्यक्ति तथा फर्महरु सम्पर्कमा नआएको र मिति २०७८/०८/१ गते टीकापुर नगरपालिका वडा नं. १ वस्ने

प्रमुख प्रशासकिय अधिकृत

जीवन कुमार रावलले टिउनी सनकट्टी घाट सञ्चालनका लागि इच्छुक रहेकोले सञ्चालनका लागि अनुमति पाउँ भनि निवेदन पेश गरेकोले जीवन कुमार रावललाई आ.व.२०७७/७८को यस नगरपालिकालाई वुझाउनु पर्ने वक्यौता रकम रु. ३,७४,७४८।७० र आ.व.२०७८/७९ को न्यूनतम् ठेक्का कवोल रकम रु. ७,५२,०१०।- अग्रिम जम्मा गरे पश्चात मात्र सम्झौता प्रक्रिया अगाडी वढाउने ।

**निर्णय नं. १५:** -चालु आ.वं.२०७८/०७९ मा मर्मत संभार कोष मार्फत विभिन्न मर्मत सम्बन्धी कार्य पुंजिगत खर्च शिर्षकमा विनियोजित वजेट मध्येबाट तपशिलमा उल्लेखित आयोजनाहरु स्वीकृत गरी संचालन गर्ने ।

तपसिल :

| सि.नं | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | विरेन्द्र विद्या मन्दिर माध्यामिक विद्यालय परिसरको बाढीबाट क्षतिग्रस्त भएको पक्की पर्खालको पुर्ननिर्माण तथा मर्मत कार्य । | वडा नं.१ | १,८७,१००।०० | |
| २. | बाढीका कारण क्षतीग्रस्त रहेका सडक तथा पुल भत्किएका स्थानका (कर्णाली मा.वि. पश्चिमको ज्ञानी कुलोको जिर्ण अवस्थाको भत्किएको कलभर्टको सडक ,ब्लक नं. १२,नगर विकास समितिको अगाडी रहेको ज्ञानी कुलोको पुलरहेको सडक ,ब्लक नं.१९,२० र टीकापुर बसपार्क देखि बम आयल स्टोर, एयरपोर्ट उत्तर सडक ) खाल्डा खुल्डी पुर्ने र सडक मर्मत गर्ने कार्य | वडा नं.१ | ४,७१,०००।०० | |
| ३. | टीकापुर पार्क देखि दौलतपुरघाट जाने बाटो तथा ब्लक नं. १० गणेशमान मार्ग देखि सन्त निरन्कारी मण्डल स्कुलको पश्चिम पट्टिको सडक मर्मत कार्य । | वडा नं. ५ र वडा नं.१,ब्लक नं. १० | ९६,८००।०० | |
| ४ | हुलाकी सडक माउन्टेन होटेल देखि जितु कटेज सम्म सडक मर्मत कार्य ।(मसिनो ग्राभेलिगं कार्य) | वडा नं.८,बनगांउ | ९९,८००।०० | |
| ५. | हुलाकी सडक माउन्टेन होटेल देखि जितु कटेज सम्म सडक मर्मत कार्य प्रयोजनको लागि ब्याक हो लोडर मेसिन भाडा खर्च । | वडा नं.८,बनगांउ | ४६,०००।०० | |
| ६. | वडा नं.४ का विभिन्न बाटाहरु मर्मत कार्य । (बाघमारा,मौरनिया,ईन्द्रया,जुम्लीपुर र छेगरखैला ) | वडा नं.४ | २,००,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७. | टीकापुर पार्क परिसरमा रहेको शौचालय मर्मत कार्य । | वडा न.५,नुक्लीपुर | ८८,०००।०० | |
| ८. | वौनिया खोप केन्द्र भवन मर्मत कार्य । | वडा नं.९ | २,५०,०००।०० | |
| ९ | जमरा टोल देखि पुछरी जाने बाटो मर्मत कार्य | वडा नं.४ | १,७५,०००।०० | |
| १० | धनसिंहपुर स्वास्थ्य केन्द्र भवन मर्मत कार्य । | वडा नं.८,बटनपुर | ४,००,०००।०० | |
| ११ | शहरि स्वास्थ्य केन्द्र भवनको अधुरो निर्माण कार्य । | वडा नं.४,अस्नेहरी | २,५५,३००।०० | |
| १२ | प्राथमिक स्वास्थ्य केन्द्र भवन मर्मत कार्य । | वडा नं.२,विजयनगर | ३६,०००।०० | |
| १३ | झुंगा शहरी स्वास्थ्य केन्द्रमा पेटी निर्माण कार्य । | वडा नं.९ | १,५५,०००।०० | |
| १४ | कर्णाली मा.वि. टीकापुर-१ को अधुरो भवनको प्लाष्टर कार्य | टी.न.पा | ४०,०००।०० | |
| | **जम्मा रु.** | | २५,००,०००।०० | |

**निर्णय नं. १६** :-चालु आ.वं.२०७८/०७९ मा विपत व्यवस्थापन कोष शिर्षकमा विनियोजित बजेट मध्येबाट तपशिलमा उल्लेखित आयोजनाहरु स्वीकृत गरी संचालन गर्ने ।

तपशिल :

| सि.नं. | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | विपत व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्री भण्डारण कन्टेनरको लागि बेसमेन्ट (स्ट्रक्चर) संरचना निर्माण कार्य | नगर कार्यपालिकाको कार्यालयको परिसर | ४,६९,०००।०० | |

**निर्णय नं.१७** :- चालु आ.वं.२०७८/०७९ मा भैपरि आउने र आकस्मीक पुंजिगत खर्च शिर्षकमा विनियोजित बजेट मध्येबाट तपशिलमा उल्लेखित आयोजनाहरु स्वीकृत गरी संचालन गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

तपसिल :

| सि.नं. | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | टीकापुर पार्क परिसरमा रहेको पिकनिक स्पटमा निर्माणाधीन अधुरो रहेको ओभरहेड टयांकीको बांकी रहेको निर्माण कार्य तथा सो को वरिपरि फर्स र पेटी निर्माण कार्य । | वडा नं.५ | ५,००,०००।०० | |
| २ | ज्योतीनगर स्वास्थ्य सेवा केन्द्र परिसरमा शौचालय निर्माण तथा गेट निर्माण कार्य । | वडा नं.१ | २,६९,०००।०० | |
| ३ | पदमपुर स्थित अधुरो शिव मन्दिर निर्माण कार्य । | वडा नं.७,पदमपुर | ३,००,०००।०० | |
| ४ | ज्ञानीपुरको खोप केन्द्रको अधुरो Truss भवन निर्माण कार्य । | वडा नं.४ | २,२५,०००।०० | |
| ५ | वडा नं.४,कोदैपुरको सामुदायिक भवनको Channel Gate निर्माण कार्य । | वडा नं.४ | ५२,७००।०० | |
| ६ | काला कुन्डा प्रहरी चौकी परिसरमा शौचालय निर्माण कार्य । | वडा नं.७ | २,००,०००।०० | |
| ७ | चटिया बजार स्थित श्री शिव मन्दिर परिसर भित्र रहेको सार्वजनि शौचालय निर्माणका लागि अपुग रकम थप | वडा नं.३ | २,००,०००।०० | |
| १४ | श्रीलंका स्वास्थ्य चौकीमा घेरबार ,गेट,तथा नल्का जडान कार्य । | वडा नं.३ | १,८३,०००।०० | |
| १५ | पशु सेवा शाखाको संरचना मर्मत सुधार कार्य । | वडा नं.१,ब्लक नं.२१ | ७०,३००।०० | |
| | **जम्मा रु.** | | **२०,००,०००।००** | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत